## ३.१ राष्ट्रिय वन शाखा

- राष्ट्रिय वन सम्बन्धी नीति तथा कार्यक्रमहरु तर्जुमामा आवश्यक सहजीकरण गर्ने गराउने,
- सरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारणमा समन्वय गर्ने गराउने,
- सरकारी, सार्वजनिक, निजी क्षेत्र, कृषि वन, सहरी क्षेत्रमा वृक्षारोपण तथा वन विकासको आवश्यक व्यवस्था मिलाउने,
- सिमसार तथा ताल तलैया क्षेत्रहरुको संरक्षण, व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

## ३.२ वन क्षेत्र भू–उपयोग शाखा

- राष्ट्रिय वन क्षेत्र, सरकारी घर जग्गा हस्तान्तरण, जग्गा सट्टाभर्ना, मुआब्जा, वन उपयोग तथा अन्य प्रयोजनलाई वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी कार्यहरु गर्ने,
- अन्य प्रयोजनका लागि उपलब्ध गराईएको वन क्षेत्रको अभिलेख राखे, नियमित अनुगमन तथा मूल्यांकन गरी, गराई पृष्ठपोषण गर्ने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

## ३.३ जलाधार तथा भू संरक्षण शाखा

- वृहत जलाधार, जलाधार, उप जलाधार तथा सुक्ष्म जलाधारहरुको अध्ययन अनुसन्धान गर्ने गराउने,
- मरुभूमीकरण तथा भूमीको क्षयीकरणलाई सम्बोधन हुने कार्यक्रमहरुको लागि लागि प्राविधिक एवं आर्थिक सहयोग जुटाउन प्रस्तावहरुको मस्यौदा तयार गर्ने,
- नदि प्रणालीमा आधारित वृहत जलाधार संरक्षण योजना तर्जुमा तथा कार्यान्वयनका लागि नीतिगत सहजीकरण गर्नु गराउनुको साथै भू– संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी आयोजनाहरुको कार्यक्रम गर्न समन्वय तथा सहजिकरण गर्ने, गराउने,

- वाढी पहिरो जस्ता प्राकृतिक प्रकोप न्यूनीकरण सम्वन्धी आवश्यक रणनीतिक योजनाहरुको अवधारणा बनाई प्रदेश तहसंग समेत आवश्यक सहकार्य र समन्वयको वातावरण सिर्जना गर्ने,
- विपत् जोखिम न्युनिकरणका लागि आवश्यकता अनुसार अन्य निकायहरुसंग समन्वय तथा सहजीकरण गर्ने, गराउने,
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनमा समन्वय तथ सहजीकरण गर्ने गराउने,
- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान तथा जलाधार सूचना प्रणालीको विकास गर्ने गराउने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।